# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, असोज ३० गते २०३८ साल (अतिरिक्ताङ्क ३८


# शाही सन्देश

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट विश्व खाद्य दिवसको उपलक्ष्यमा २०३८ साल आश्विन ३० गतेका दिन देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. संयुक्त राष्ट्र संघको एक अङ्ग खाद्य तथा कृषि संगठन स्थापना भएको वार्षिकोत्सवलाई विश्व खाद्य दिवसका रूपमा मनाउन थालेकोमा हामीलाई खुशी लागेको छ ।

२. मानिसलाई बाँच्नको निम्ति जन्मेदेखि नभै नहुने वस्तु उसको आहार हो भने भोजन प्राप्त गर्ने उसको आवश्यकता एक नैसर्गिक हक पनि हो । त्यसैले मानिसको यो आधारभूत आवश्यकता पूरा गरिदिनु सबै सुसंगठित मानव जाति, घर-परिवार र सरकारको सर्वोपरि कर्तव्य हुन आउँछ ।

३. यो खुशीको कुरा हो कि हालसम्म पनि नेपाल खाद्यान्न उत्पादनमा आत्म-निर्भर रहँदै आएको छ । तर जनसंख्याको वृद्धि कायमै रहेसम्म हाम्रो अर्थतन्त्रका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि लागु हुनेछ।

अरू क्षेत्रमा जीविकोपार्जनका उपायहरू जुटाउन नसकेसम्म कृषिलाई हामीले प्राथमिकता दिंदै रहनु पर्ने कुरा प्रष्ट छ । साथसाथै सुगम बजारको व्यवस्था गर्ने, आकर्षक मूल्य उपलब्ध गराउने तथा हाम्रो जलस्रोतलाई कुशलतापूर्वक सिंचाइका निम्ति प्रयोगमा ल्याउने र आन्तरिक स्रोतद्वारा सस्तो दरमा मलको आपूर्ति गर्नेतर्फ पनि हामीले जोड दिनु परेको छ ।

४. त्यसैले, उत्पादन वृद्धि गर्ने क्रममा एकातिर अन्तर्राष्ट्रिय समुदायसंग बढी सहयोगको खोजी गर्ने काम जारी राख्नु पर्ने आवश्यकता छ भने अर्कोतिर मुलुकभित्र खाद्यान्नको वितरणका लागि न्याय र समानताका आधारमा अझ सक्षम प्रणाली अपनाउने आवश्यकतातर्फ हामी सबैले सजग हुनु परेको छ ।

५. यसतर्फ सबै देशवासीको ध्यानाकर्षण गर्न यस दिवसद्वारा सघाउ मिलोस् भन्ने हामी कामना गर्दछौं ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

४५२